# सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन (तेस्रो संशोधन) कार्यविधि, २०८२

**नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।१०।२३**

**प्रस्तावनाः** सूर्योदय नगरपालिकाको स्वामित्वमा रहेको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्रको सञ्चालन तथा व्यवस्थापन कार्यलाई थप प्रभावकारी, व्यावहारिक र नतिजामुखी बनाउन वाञ्छनीय भएकोले; सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन (तेस्रो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. मूल कार्यविधिमा संशोधनः** सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि, २०८० (यसपछि "मूल कार्यविधि" भनिएको) मा दफा ३ बमोजिम संशोधन गरिएको छ।

**३. मूल कार्यविधिको दफा १२ मा संशोधनः** मूल कार्यविधिको दफा १२ को उपदफा (५) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन्:

"(क) बहुवर्षीय ठेक्का सम्झौताको हकमा बढीमा ५ (पाँच) किस्तामा रकम दाखिला गर्नुपर्नेछ। प्रत्येक दुई/दुई वर्षको सुरुमा किस्ता बुझाउँदा; बोलपत्रदाताले कबोल गरेको विवरण (Price Schedule) अनुसारको सो अवधिको वास्तविक रकम (Actual Amount) र सम्झौता बमोजिमको वृद्धि (Escalation) समावेश गरी बुझाउनुपर्नेछ।"

"(ख) किस्ता बुझाउने समयावधि प्रत्येक २/२ (दुई/दुई) वर्षको हुनेछ। तर, सम्झौताको अन्तिम किस्ताको हकमा बाँकी रहेको सम्पूर्ण अवधि गणना गरिनेछ।"

"(ग) किस्ता रकम दाखिला गर्दा, हाल बुझाइएको किस्ता अवधि समाप्त भएपछि आउने लगत्तै पछिल्लो किस्ता (Upcoming Installment) रकमको १.५ (डेढ) गुणा बराबरको बैंक जमानत पेश गर्नुपर्नेछ। हरेक किस्ता दाखिला गर्ने समयमा सोही अनुपातमा बैंक जमानतको रकम र म्याद नवीकरण गर्नुपर्नेछ।"